# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लेकवेशी नगरपालिका
## सुर्खेत

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लेकवेशी नगरपालिका

## सुर्खेत

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

लेकवेशी नगरपालिका

सुर्खेत

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुकोसमेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ८४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,

लेकवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

सुर्खेत ।

१. **कैफियतसहितको राय** – हामीले लेकवेशी नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ४९ लाख १५ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिकृयाबाट रु.१ करोड ९ लाख ७१ हजार फस्यौंट तथा रु.२ लाख ७० कायम भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५५ लाख ७६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ३७ लाख ४१ हजार र पेश्की बाँकी रु.४६ लाख ७० समेत रु.२ करोड ४२ लाख १४ हजार रहेको छ । नगरपालिकाको गतवर्षसम्म रु.३० करोड ८८ लाख २६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३३ करोड १८ लाख २१ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामासमेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायव महालेखापरीक्षक**

## लेकवेशी नगरपालिका,
## सुर्खेत

### १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट कायम बेरुजु | बाँकी बेरुजु | | | ता बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७० | १५५ | ३४९१५ | ० | १०४ | १०९७१ | २७० | ७० | ५१ | २४२१४ | २२७ | १३७४१ | ५५७६ | ० | ० | १९३१७ | ४६७० |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुर्खेत | ३०८८२६ | ० | ४२१९ | ३०४६०७ | ३००० | २४२१४ | ३३१८२१ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | २.३ | कर दायित्व | ५९७९०१६ |
| २ | | २२ | पेश्की बाँकी | १३१५३१८ |
| ३ | | २६.१ | राजस्व दाखिला बाँकी | २७४२३३ |
| ४ | | २६.१ | व्याज असुल | १०८९४ |
| ५ | | ४२ | अनुगमन भत्ता | ३१५०० |
| ६ | | ४४ | महंगी भत्ता | ५८८००० |
| ७ | | ४५ | बैठक भत्ता | ३०००० |
| ८ | | ४६ | पारिश्रमिक कर | ६०८६७ |
| ९ | | ४७ | बैठक भत्ता | १६८३०० |
| १० | | ५० | पदपूर्ति समिति बैठक भत्ता | २८०५० |
| ११ | | ५४.३ | विद्युतीय हाजिरी तालिम | ११९० |
| १२ | | ५५ | विधायन समिति | १०२०० |
| १२ | | ६२ | अनुगमन भत्ता | १०२०० |
| १४ | | ६४ | बढी भुभक्तानी | ३३१५ |
| १५ | | ६५ | विल भरपाई पेस | १४१००० |
| १६ | | ७५.१ | जिन्सी दाखिला नभएको | ४४२००० |
| १७ | | ७५.२ | विद्यालय सुधार योजना | ७७०००० |
| १८ | | ७५.३ | विद्यालयमा इनटरनेट शुल्क | ५६४००० |

| | | | | |
|---|---|---|---|---|
| १९ | | ७८ | विद्यालयको लेखापरीक्षण खर्च | ५३५००० |
| २० | | ८०.७ | कर्मचारी भ्रमण खर्च | ५५८० |
| २१ | | ८०.८ | बढी भुक्तानी | २००० |
| | **चालु वर्षको जम्मा** | | | **१०९७०६६३** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | | नेम्स प्रणालीबाट | २१९४२५ |
| | **२०७७।७८** | | नेम्स प्रणालीबाट | ४०००००० |
| | **गत विगतको जम्मा** | | | **४२१९४२५** |
| | **कुल जम्मा** | | | **१५१९००८८** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, १८०.९२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१ हजार ७ सय १० जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१० देखि २०८०।१०।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित

जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय — व्ययतर्फ रु.१ अर्व ४७ करोड ६१ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६४७९९५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्रम संख्या | वापत | रकम | मिती | दाखिला भएको वैङ्क |
|---|---|---|---|---|
| १ | पारिश्रमिक कर | १०८०० | २०८०।१०।०४ | राष्ट्रिय वाणिज्य वैङ्क |
| २ | वैठक भत्ता, अनुगमन तथा भ्रमण भत्ता | २२७५२५ | २०८०।१०।०४ | प्राइम कमर्सिलय वैकं |
| ३ | राजस्व दाखिला | ४०९६३० | ०८०।०८।२७ | राष्ट्रिय वाणिज्य वैंक |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति /भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ८१७८८४४७६.३९ | ५९७३८९७२१.४६ | | ५९७३८९७२१.४६ | ६२९३९२८९७.६९ | | ६२९३९२८९७.६९ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ७९६३०१९१७.१ | ५९५०५०३५३.४६ | ०. | ५९५०५०३५३.४६ | ६२०८८५७५८.६९ | ०. | ६२०८८५७५८.६९ |
| ११००० कर | ११ | ११६०९९५६१. | ८७८७६६९३.९ | ०. | ८७८७६६९३.९ | ९२५२४३५५.११ | ०. | ९२५२४३५५.११ |
| १३००० अनुदान | | ५५२७२६०००. | ४८९६६५४९०. | ०. | ४८९६६५४९०. | ५०८०३६८३४. | ०. | ५०८०३६८३४. |
| संघीय सरकार | १२ | ४५४२०००००. | ४१८७४८९४०. | ०. | ४१८७४८९४०. | ४७०६५९९६०. | ०. | ४७०६५९९६०. |
| प्रदेश सरकार | १२ | ९८५२६०००. | ७०९१६५५०. | ०. | ७०९१६५५०. | ३७३७६८७४. | ०. | ३७३७६८७४. |
| १४००० अन्य राजस्व | | २४९५२०००. | १७१७७७७९.५६ | ०. | १७१७७७७९.५६ | २०३२४५६९.५८ | ०. | २०३२४५६९.५८ |
| १५००० विविध प्राप्ति | | ५०००००. | ३३०३९०. | ०. | ३३०३९०. | ०. | ०. | ०. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२००० वित्तीय सम्पत्ति | | १०२०२४३५६.१ | ०. | ०. | ०. | ०. | ०. | ०. |
| ख. अन्य प्राप्ति | | २१५८२५५९.२९ | २३३९३६८. | | २३३९३६८. | ८५०७१३९. | | ८५०७१३९. |
| वितरण गर्न बाकी राजस्व | | ०. | ०. | ०. | ०. | १०. | ०. | १०. |
| कोषहरु | | २१५८२५५९.२९ | ०. | ०. | ०. | ५९४०४४२. | ०. | ५९४०४४२. |
| धरौटी | | ०. | २३३९३६८. | ०. | २३३९३६८. | २५६६६८७. | ०. | २५६६६८७. |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०. | ०. | ०. | ०. | ०. | ०. | ०. |
| भुक्तानी (ग+घ) | | ८१७८८४४७६.३९ | ६३३७१७९१५.१८ | | ६३३७१७९१५.१८ | ५८०३११३५१.०८ | | ५८०३११३५१.०८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७९६३०१९१७.१ | ६२३८१८०४४.३४ | | ६२३८१८०४४.३४ | ५६९६३८८६५.०८ | | ५६९६३८८६५.०८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २२९२०१९८०. | २१९२२६९६५.९५ | ०. | २१९२२६९६५.९५ | २०७४०२७००. | ०. | २०७४०२७००. |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५८३३७०७५.१ | १३३४६२६४३.१७ | ०. | १३३४६२६४३.१७ | १२९७८५३२९. | ०. | १२९७८५३२९. |
| २५००० सहायता (Subsidy) | १८ | १२१९८५००. | ६८७७८३७. | ०. | ६८७७८३७. | ३४७६२७३०. | ०. | ३४७६२७३०. |
| २६००० अनुदान | १८ | ०. | ०. | ०. | ०. | १४५५००. | ०. | १४५५००. |
| २७००० सामाजिक सुरक्षा | १८ | १९४७५५००. | ९४९०४९८. | ०. | ९४९०४९८. | ४२०९८१६. | ०. | ४२०९८१६. |
| २८००० अन्य खर्च | १८ | २१५९५६५. | १८९९१६८.९२ | ०. | १८९९१६८.९२ | १३२५५९७७. | ०. | १३२५५९७७. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३७४९२९२९७. | २५२८६०९३१.३ | ०. | २५२८६०९३१.३ | १८००७६८१३.०८ | ०. | १८००७६८१३.०८ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ०. | ०. | ०. | ०. | ०. | ०. | ०. |
| घ. अन्य भूक्तानी | | २१५८२५५९.२९ | ९८९९८७०.८४ | | ९८९९८७०.८४ | ५८०३११३५१.०८ | | ५८०३११३५१.०८ |
| कोषहरु | | २१५८२५५९.२९ | १३८३६८३७.८४ | ०. | १३८३६८३७.८४ | ९५४९८७९. | ०. | ९५४९८७९. |
| धरौटी | | ०. | २०४२०४९. | ०. | २०४२०४९. | ११२२६०७. | ०. | ११२२६०७. |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०. | ०. | ०. | ०. | ०. | ०. | ०. |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -५९७९०१६. | | -५९७९०१६. | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | -३६३२८१९३.७२ | | -३६३२८१९३.७२ | ४९०८१५४६.६१ | | ४९०८१५४६.६१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १२९९२८५७५.१४ | | १२९९२८५७५.१४ | ८५२६३१४२.४९ | | ८५२६३१४२.४९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ९३६००३८१.४२ | | ९३६००३८१.४२ | १३४३४४६८९.१ | | १३४३४४६८९.१ |
| बैंक तथा नगद बाकी | २४ | | ९३९५०३८१.४२ | | ९३९५०३८१.४२ | १३६१६२९५५.१ | | १३६१६२९५५.१ |

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,०४,८२,७९५।०, गरिवसँग विशेश्वर कार्यक्रमको रु.४,६४,०००।००, तथा प्रदेश तर्फ उद्दार, राहत तथा पुनर्स्थापान खर्च रु.५,२८,०००।०, जलश्रोत तथा उर्जा मन्त्रालयको रु.२,००,०००।० र सामाजिक विकास मन्त्रालयको रु.१०,००,०००।० समेत गरी रु. १२,२६,७४,७९५।० उक्त आर्थिक विवरणमा समावेश छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.११,०१,३८,४२३।८९ मौज्दात रहेकोमा यो वर्ष रु. १२,९९,२८,५७५।१४ जिम्मेवारी सारेको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,९७,९०,१५१।२५ बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्नुपर्दछ ।

२.३ **कर दायित्व —**

***..........(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.५९,७९,०१६।- सम्परीक्षण गरिएको ।)***

३ **बजेट सीमा निर्धारण समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री विमला खड्लुक ले मिति २०७९।०३।१० गते रु ८५ करोड ६२ लाख ७४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल ३६४ योजनामा वजेट विनियोजन गरेको छ।

| रू.५० हजार सम्म | रू. १ लाख सम्मका | रू. १ लाख देखि २ लाखसम्म | रू.२लाख देखि ५ लाखसम्म | रू.५ लाख देखि १० सम्मका | रू. १० लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| ४३ | १०० | ८४ | ४४ | ३० | ६३ | ३६४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र। उपक्षेत्र | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ६३८८६८४६।४८ | ३८४८३७८३।० | ६.३५० |
| २ | सामाजिकविकास | ३७१६६९७०५।५२ | ३२२३८०५९५।७६ | ५३.२० |
| ३ | पूर्वाधारविकास | १७९९३३६२५।० | १०६३७९२८५।३० | १७.५५ |
| ४ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५७३०३९२०।१० | १३८७१५१७८।३९ | २२.८९ |
| | जम्मा | ७७२७९४०९७।१० | ६०५९५८८४२।४५ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास सबैभन्दा बढी ५३.२० प्रतिशत आर्थिक विकासमा सबै भन्दा घटीमा ६.३५ प्रतिशत रहेको छ ।

८ **त्रैमासिक पूँजीगत खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| पूँजिगत खर्चतर्फ | २५,२८,६०,९३१ | ४,१४,१५,१९८. | २१३५४५४२ | ४१९१३५७७ | १४८१७७६१४ | ८,५६,३८,१०३ |
| प्रतिशत | १०० | १६.५३ | ८.४४ | १६.४३ | ५८.६ | ५४.२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू.२५ करोड २८ लाख ६० हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ४ करोड १४ लाख १५ हजार अर्थात १६.५३ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. २ करोड १३ लाख ५४ हजार अर्थात ८.४४ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ४ करोड १९ लाख १३ हजार अर्थात १६.४३ प्रतिशत र चौथो त्रैमासिकमा रु.१४ करोड ८१ लाख ७७ हजार अर्थात ५८.६ प्रतिशत खर्च गरेको देखिएको छ । भने असार महिनामा मात्र चौथो त्रामासिकको ५४.२ प्रतिशत खर्च भएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९ **खर्च बिश्लेषण**- पालिकाले यसवर्ष कुल आन्तिरक आय २ करोड १० लाख ४ हजार राजस्व बाँडफाँड रु.८ करोड ४३ लाख ८० हजार र अनुदानबाट रु.४८ करोड ९६ लाख ६४ हजार समेत रु.५९ करोड ५० लाख ४८ हजार आम्दानी भएकोमा चालुतर्फ रु.३२ करोड २१ लाख ८८ हजार र पूँजिगततर्फ रु.२५ करोड २८ लाख ६० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ८०,४६,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ७४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ५६.०३ प्रतिशत र पूँजिगत ४३.७९ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा

न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० **कानुन निर्माण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले राजपत्रमा प्रकाशन गरेको छ । पालिकाले यसवर्ष ४ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

११ **सेवा प्रवाह को विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ९७० |
| मृत्युदर्ता | २४२ |
| बसाईसराईदर्ता | १८३ |
| विवाहदर्ता | ३८७ |
| सम्बन्धविच्छेददर्ता | ४० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनको विवरण लेखापरीक्षणको समयमा पेश भएन ।पालिकाको वार्षिक क्रियाकलापको अभिलेख व्यवस्थित नगरेको कारण लेखापरीक्षणमा विवरण पेश भएको छैन । प्रत्येक शाखा प्रमुखलाई जिम्मेवार बनाई पालिकाको अभिलेख चुस्त दुरुस्त राख्नुपर्दछ ।

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१३ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। पालिकाबाट भुक्तानीमा बीलभर्पाइ वेगर भुक्तानी गर्ने, सिधै भुक्तानी गर्न सकिने काममा पेश्की लिने, विभिन्न कार्यक्रमका लागि एकमुष्ट पेश्की दिने, बिल भन्दा बढी भुक्तानी लिने, खरिद तथा कार्यक्रम संचालन लागत अनुमान तयार नगर्ने, खरिद ऐन तथा नियमावली पालना नगरी खरिद कार्य गर्ने, खरिद भएका मालसान दाखिला नगर्ने, चालु खर्चको बेमनासिव तथा अनाबश्यक खर्च गर्ने जस्ता आर्थिक अनुशासन पालना नहुने गरी खर्च लेखेको देखिएकोले नियन्त्रण सन्तुलन प्रणाली कमजोर देखिएको छ । पालिकाले कार्य प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कृयाकलाप प्रति विश्वस्त हुने आधार तयार गर्नु पर्दछ । तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१४ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६७ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म ४९ मात्र पदपूर्ति भएको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले कूल कर्मचार दरबन्दी सिर्जना गरी उक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१५ **तलवी प्रतिबेदन** - निजामती सेवा ऐन, २०४९ को दफा ७(२ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु शिक्षा तर्फ रु. १३ करोड ३२ लाख २२ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६ **वडा सचिवको पदपुर्ती** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको १० दरबन्दी रहेकोमा ८ वडा सचिवको पदपूर्ति भएको र २ पद रिक्त रहेको छ। दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ ।

१७ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याण कोष स्थापना गरी रकम जम्मा गरेको छैन ।

१८ **जिन्सी अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत

खुलाई सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालीकाले आर्थिक बर्षमा कम्तिमा एक पटक जिन्सी निरिक्षण गरी गराइ प्रतिबेदन लिइ प्रतिबेदनमा औल्याएका ब्यहोरा उपर कारबाही गरी जिन्सी स्रेस्ता अध्यावधिक गरी राख्नु पर्नेमा जिन्सी मौज्दातको विवरण तयार नगरेको, जिन्सी श्रेस्तामा सबै जिन्सी नचढाएको लेखा शाखामा दाखिला नम्बर उल्लेख गरी दाखिला प्रतिवेदन पेश गरेता पनि जिन्सी किताब नचढाएको, जिन्सी लेजर प्रमाणित नभएकोले यस वर्ष कार्यालयले खरिद गरी भुक्तानी गरेका सबै जिन्सीको सम्बन्धमा लेखापरीक्षणमा अधुरो जिन्सी लेजर पेश भएकोले सबै जिन्सी दाखिला भएको र खर्च जनाएको सबै जिन्सी वास्तविक खर्च हो भन्न सकिएन। नगरपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गरी पेश गर्नु पर्दछ।

१९ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२० **भ्रमण खर्च** - कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्। अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर।गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

२१ **एकमुष्ट पेश्की** -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम पेश्की लिनुपर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको एकिन विवरण खुलाई निवेदन दिनुपर्ने, उपनियम (४) बमोजिम काम सम्पन्न भएको १५ दिनभित्र आफुले सम्पन्न गरेको कामका सम्बन्धमा खर्च प्रमाणित गर्न आवश्यक बिल भरपाई र कागजात सहितको प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयका कर्मचारी महेश गिरीले नियमानुसार कार्य विवरण स्पष्ट नखुलाई स्वास्थ्य सम्बन्धी विभिन्न ८ वटा स्वीकृत कार्यक्रममा रु.१६ लाख एकुमष्ट पेश्की लिई व्यक्तिगत खातामा जम्मा गरी विभिन्न मितिमा पटके रुपमा कार्यक्रम संचालन गरी पेश्की फस्यौंट गरेको देखिएको छ। सवै कार्यक्रम एकै पटक संचालन गर्न संभव पनि नहुने र केही चौमासिक आधारमा सम्पन्न गर्ने कार्यक्रम समेतको एकै पटक पेश्की लिई व्यक्तिगत खातामा राखी कार्यक्रम गर्ने कार्य नियमसंगत देखिँदैन। अत सरकारी रकम व्यक्तिगत खातामा जम्मा गर्ने कर्मचारीको बैंक खाता झिकाई सोमा प्राप्त व्याज यकिन गरी त्यहाँ कार्यालयबाट असुल गरी राजस्व खातामा जम्मा गर्नुपर्दछ र सरकारी रकम व्यक्तिगत खातामा जम्मा गर्ने कर्मचारी जवाफदेही बन्नुपर्दछ ।

२२ **म्याद नाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ ।पालिकाले देहायको रु.५९,८५,३८८।० पेश्की दिएकोमा वर्षान्तमा समते फस्यौंट भएको नदेखिएकोले उक्त पेश्की व्याज सहित असुल फस्यौंट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्की रकम |
|---|---|---|---|
| ०७।१४।२०७९ | १५८ | दिपक बहादुर विष्ट | ८१,०००.०० |
| १२।१४।२०७९ | १६० | नमराज आचार्य | ७२,०००.०० |
| १२।२८।२०७९ | ६९५ | नेपाल दूरसंचार कम्पनी लिमिटेड | ११७,०७०.०० |
| ०१।१८।२०८० | ७६६ | श्री कर्णाली प्रदेश ज्येष्ठ नागरिक महासंघ | ५०,०००.०० |
| ०२।१२।२०८० | ३१ | श्री जीवनज्योति माध्यमिक विद्यालय दशरथपुर | ४३५००००. |
| | | जम्मा | ४६७००७० |

***(प्रारम्भिक प्रतिवेदनउपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१३,१५,३१८।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| पेश्की | ४६,७०,०७० |

२३ **म्याद ननाघेको पेश्की** -सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फस्यौंट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम जफत गरी पेश्की फस्यौंट गर्नुपर्ने र निजबाट त्सस्तो रकमको सयकडा १० प्रतिशतका दरले व्याज समेत असुल उपर गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको निर्माण व्यवसायीलाई रु.२४,५०,०००।- पेश्की दिएको छ । उक्त पेश्की म्यादभित्र फस्यौंट गर्नुपर्दछ ।

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्की रकम |
|---|---|---|---|
| ०१।२९।२०८० | २३ | बडिमालिका कन्ष्ट्रक्सन | १२०००००. |
| ०२।२९।२०८० | ३४२ | निर्भूति निर्माण सेवा | ६५००००. |
| ०३।०३।२०८० | ४३ | उमा कन्स्ट्रक्सन सेवा | ६०००००. |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा | २४५०००० |

२४ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु.३,६५,१००।- र धार्मिक संस्थालाइ रु.९०,०००।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,०८,८३,३८०।- को ४.१८ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२५ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च (रु.हजारमा) | आन्तरिक आय(रु.हजारमा) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४८९६६४ | २१००४ | ४.२८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.२८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२६ **राजश्व ढिलो दाखिला**

२६.१ राजस्व दाखिला बाँकी -

***...........(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.२,७४,२३३।- सम्परीक्षण गरिएको ।)***

२६.२ राजस्व ढिला दाखिला-

***...........(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१०,८९४।- सम्परीक्षण गरिएको ।)***

२७ **उपभोक्ता समिति वा लाभग्राही समुदायको काम** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ । पालिकाले यस वर्ष विभिन्न २४२ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु.५ करोड ६४ लाख २३ हजार खर्च गरेको छ । उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

२७.१ **हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १३ ले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्ने जिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले समुदायसँग सम्बन्धित संरचना संरक्षण र मर्मत गर्ने गरी जिम्मेवारी हस्तान्तरण गर्दा उपभोक्तालाई उत्तरदायी बनाएको देखिएन । निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न उपभोक्ताले कोष व्यवस्थापन गरी आगामी दिनमा राज्यको दायित्य घटाउँदै लैजान समेत उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ ।

२७.२ **सार्वजनिक सूचना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ । उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने गरेको छ । यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिदैन । प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ ।

२७.३ **निर्माण लगत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन । पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन । यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिदैन । पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ ।

२७.४ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र

तोकिएको अवधिमा सम्पन्न भए।नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

२७.५ **लागत सहभागिता** - पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२८ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२९ **बोलपत्र फाइल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ले बोलपत्रमार्फत खरिद कार्य गर्दा सोको पूर्व तयारी, लगात अनुमान देखि कार्य सम्पन्न भएसम्मका कागजात संलग्न गरी पञ्जिका सहित बोलपत्र फाइल तयार गरी सम्पूर्ण क्रियाकलाप खुल्ने गरी खरिद कार्यको फाइल सुरक्षित राख्नु पर्ने व्यवस्था गरेको छ ।पालिकाले बोलपत्रका फाइलहरु नियमको उक्त व्यवस्था बमोजिम तयार गरी पञ्जिका सहित अभिलेख राखेको छैन ।खरिद कार्यको अभिलेख व्यवस्थित नहुँदा खरिद अभिलेख कमजोर भई तोकिएको समयमा पूर्ण विवरण दिन सक्ने अवस्था छैन । खरिद कार्यमा भएका सम्पूर्ण क्रियाकलाप समेटीने फाइल तयार गर्नुपर्दछ ।

३० **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

३१ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र साना तिना अन्य खर्च २ प्रतिशत सम्म समावेश गर्न सकिने व्यवस्था छ। पालिकाले कन्टिन्जेन्सी बापत रकम कट्टा गरी खर्च गरे पनि योजनागत विवरण देखिने गरी अभिलेख राखेको छैन। कन्टिन्जेन्सी खर्चको अद्यावधिक अभिलेख राखी खर्च गर्ने व्यबस्था हुनु पर्दछ ।

३२ **अधुरो ठेक्का** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (११) संझौता वमोजिमका काम सम्पन्न नभएका म्याद थप नभएका संझौताको हकमा खरिद संझौता अन्त्य गर्ने जमानत तथा धरौटी जफत गर्ने भएको क्षतिपुर्ति भराउने तथा कालोसूचीमा राख्न सार्वजिक खरिद अनुगमन कार्यालयमा पठाउने व्यवस्था गरेको छ। पालिकाले निर्माण कार्य गराउँदा निर्माण व्यवसायीसँग गरेको संझौतामा तोकिए वमोजिमको समय अवधि र गुणस्तर कायम गर्दै निर्माण कार्य सम्पन्न गराउनु पर्दछ। कार्यालयले निम्न अनुसारको सालवसाली प्रकृतिको ठेक्का २०८० असार सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी संझौता गरेकोमा सो अवधि सम्म निम्न अनुसारको

घटि कार्य गरी भुक्तानी लिएको देखियो । संझौता वमोजिम काम नगर्ने निर्माण व्यवसायीलाई खरिद नियमावलीमा तोकिए वमोजिम प्रकृया आवलम्वन गरेको देखिएन ।

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम(भ्याट बाहेक) | सम्झौता मिति | सम्पन्न हुने मिति | हालसम्मको भुक्तानी रकम |
|---|---|---|---|---|---|
| चन्द्रपुर मावि भवन निर्माण | एज वि पि कन्स्ट्रसन एण्ड ट्रानस्पोर्ट प्रालि | ९०६७१६२ | २०७७।०३।२६ | २०७८।१२।३० | ६४०८०६१ |
| आदर्श मावि भवन निर्माण | श्री विलाशपुर निर्माण सेवा | ८८५०७३० | २०७८।१२।२९ | २०७९।०९।३० | ० |
| नेपाल मा वि, चौरासे | श्री विलाशपुर निर्माण सेवा | ९१०७८६० | २०७८।१२।२९ | २०७९।३।३२ | ० |
| खाडादेवि मावि भवन निर्माण | ज्वाला निर्माण सेवा | ९१५२३१० | २०७८।०९।२२ | २०७९।३।३२ | ९१५००० |
| नेपाल राष्ट्रिय मा वि, चुनियापानी | एज वि पि कन्स्ट्रसन एण्ड ट्रानस्पोर्ट प्रालि | ७४३९८१७ | २०७८।०९।२२ | २०७८।१२।३० | ३५९७०३८ |
| कल्याण स्वास्थ्य चौकी भवन | एज वि पि कन्स्ट्रसन एण्ड ट्रानस्पोर्ट प्रालि | ६२९९१२२ | २०७७।०३।२६ | २०७८।०३।३१ | २६८४८०८ |
| आदर्श मावि लेखफर्सा भवन निर्माण | सप्तकोशी निर्माण सेवा | ८८५०७३० | २०७७।१२।०३ | २०७९।३।३२ | ५२१३८१८ |
| लावन रानागाँउ सडक योजना | हमाल विल्डर्स,बाँके | ५५५३८३३ | २०७८।०९।२२ | २०८०।३।३२ | २३२०६३५ |
| मिलडाँडा ढाव गमखोला जोड्ने सडक | ध्रुव निर्माण सेवा | ५२६०९८० | २०७८।०९।२२ | २०७९।३।३० | ० |
| मावि व्याँवरे भवन निर्माण | ज्वाला निर्माण सेवा | २२५४४१८ | २०७८।०९।२२ | २०८०।०३।३० | ० |
| नगरपालिका भवन निर्माण | जय भवनी एसोसिएट-ज्वाला-भवानी रंजितकार जेभि | ३५८५४३५४ | २०७८।०१।०२ | २०८०।०९।३० | २५६४२१२१ |
| १५ शैया अस्पताल भवन निर्माण | खड्का।ओली।शुभआशिर्वाद जे.भी. | ९९२९७१९३ | २०७८।०३।१५ | २०८०।३।२५ | २५६००००० |
| | जम्मा | २०६९८८५०९ | | | ७२३८१४८१ |

३३ **निर्माण कामको वीमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित निर्माण तथा वस्तु खरिदमा बीमा गराउने गरेको छैन । वीमा नगराई नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाई वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ।

३४ **सव कन्ट्याक्टरबाट कार्य गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायिक तथा सवकन्ट्र्याक्टरबाट गराउन नसकिने, त्यस्तै नियम १३(क)मा उपभोक्ता समितिले आफूले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता गर्दा गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने उल्लेख छ । तर पालिकाले देहायको उपभोक्ता समितिहरुसँग संझौता भएको कार्य उपभोक्ता समितिले सवकन्ट्र्याक्टरबाट गराई रु.३८,७३,४९४।- भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु–

| गोश्वारा भौचर | उपभोक्ता समिति | भुक्तानी रकम | निर्माण व्यवसायी |
|---|---|---|---|
| १५८-२०७९।१२।५ | काफ्लेनी लेखगाउँ सडक स्तरोन्नती | ९८०००० | कविर।विशाल जे.भि. |
| १५५-२०७९।१२।५ | असुरेनी भदानेपानी घोटेडाँडा सडक निर्माण उपभोक्ता समिति | ९५९९१४ | सुदर्शन निर्माण सेवा |
| १९६-२०७९।१२।२६ | राधाकृष्ण मन्दिर देखि पशुपति वरालको घर हुँदै भुलिया सडक स्तरोन्नती | ९७३१८७ | हाम्रो निर्माण सेवा |
| ३१०-२०८०।२।१२ | नटा-सिग्रेदह-गिठे धनेरी सडक निर्माण स्तरोन्ती | ९६०३९३ | मालिका निर्माण सेवा |
| | जम्मा | ३८७३४९४ | |

| अनियमित भएको | ३८,७३,४९४ |
|---|---|

३५ **अल्ट्रासाउण्ड खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले Portable color doppler ultrasound system खरिद गरी रारा ग्रुप प्रा.लि. लाई रु.९,९७,७९०।० भुक्तानी गरेको छ । उक्त अल्ट्रा साउण्डको लागत अनुमान तथा स्पेशिफिकेशन तयार गरेको छैन । लागत अनुमान र स्पेशिफिकेशन तयार नगरी भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ९,९७,७९० |
|---|---|

३६ **पाईप खरिद** - सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी दिँदा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिमको आपूर्तिकर्ताहरुबाट विभिन्न योजनाहरुको लागि उल्लेख गरी रु.३१,४६,४७२।- भुक्तानी भएको छ । उक्त पाईपको नापी किताव तथा प्राविधिक विल पेश नभएकोले नापी किताव, प्राविधिक विल सहितको प्रतिवेदन पेश हुनुपर्ने रु.

| गोश्वारा भौचर नं. | आपूर्तिकर्ता | प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|
| ३६५-२०८०।३।१५ | शर्मा ट्रेड | वडाका विभिन्न योजनाहरुका लागि | ८८४८१७ |
| ३६३-२०८०।३।१५ | न्यू वन्दु हार्डवयेर एण्ड अर्डर सप्लायर्स | वडाका विभिन्न योजनाहरुका लागि | ९३८९४५ |

| | | | |
|---|---|---|---|
| ३६२-२०८०।३।१५ | न्यू देउती जनरल एण्ड अर्डर सप्लायर्स | वडाका विभिन्न योजनाहरुका लागि | ९९४७०६ |
| ३६१-२०८०।३।१५ | टि डि डेकोर हव | वडाका विभिन्न योजनाहरुका लागि | ३२८००४ |
| | | जम्मा रकम | ३१४६४७२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,४६,४७२ |

३७ **पालिका भवन निर्माण** - नगरपालिका भवन निर्माण कार्यको लागि पालिकाले २०७८।१।२ मा एशोसिएट जय भवानी रञ्जितकार जेभि सँग रु. ३ करोड ५७ लाख ७९ हजार ३ सय १२(मूल्य अभिवृद्धि कर सहित) मा कार्य सम्पन्न गर्ने गरी संझौता गरेको देखियो । लेखापरीक्षण अवधि सम्म कार्यालयले प्रथम रनिङ्ग विलको रु.६६,३३,०९० र दोश्रो रनिङ विलको रु.३२,५२,९६०।- मूल्य अभिवृद्धि करसमेत रु.९५,८६,०५०/- भुक्तानी भएको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा नै ठेक्काको म्याद थप भएको नदेखिएकोले पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने उल्लेख भएपनि पालिकाले भवनको अन्तिम म्याद मिति २०८०।९।३० सम्म थप भएको भएको छ । उक्त समयसम्म पनि निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गर्ने अवस्था देखिएन । सम्झौतामा उल्लेख गरे बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति सहित कार्यसम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३८ **बढी भुक्तानी** - (१५९-२०७९-१२-५)सार्वजिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी दिँदा नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले नेटा मझुवा पिपलडाँडा सानो खल्टाकुरा हुँदै गगने सडक स्तरोन्नती कार्यको चेनेज १+५८० देखी १+५८१ गरेकोमा लम्बाई २० मिटर उल्लेख गरी ९४ घन मिटरको प्रति घन मिटर रु.११५.४४ का दरले सहारा निर्माण सेवालाई भुक्तानी भएको छ । वास्तवमा १ मिटरको ४.७ घनमिटरको भुक्तानी गर्नुपर्नेमा १९ मिटर लम्बाईको ८९.३ घनमिटरको जम्मा रु.१०,३०८।— बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३८० |

३९ **बढी दरमा भुक्तानी** - पालिकाले आर्थिक वर्ष २०७९।८० को दररेट निर्धारण गर्दा सुर्खेत जिल्ला दररेटलाई नै कायम गरेको छ । पालिकाले देहायको योजनामा जिल्ला दररेटमा तोकिएको दर भन्दा बढी दरमा ग्याविन बक्स खरिद गरी रु. ५३०१५।- बढी भुक्तानी भएको देखियो । उक्त भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| गोश्वारा भौचर | योजनाको नाम | ग्याविनको साइज र संख्या | भुक्तानी दर | दररेटमा उल्लेख भएको मूल्य अभिवृद्धि कर सहितको दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १५५-२०७९।१२।५ | असुरेनी भदानेपानी घोटेडाँडा सडक निर्माण उपभोक्ता समिति | १८ गोटा(२×१×१) | ४१५१ | ३३९० | १७१७७ |
| | | ७ गोटा(३×१×१) | ५२४३ | ४७४६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३४-२०८०।१।१७ | मदन भण्डारी लोकमार्गदिखि कमैधारी झक्रेनी सडक स्तरोन्नती | ७५ गोटा(२×१×१) | ३६७४ | ३३९० | २१३०० |
| ३३०-२०८०।२।२२ | चारकुने बाह्रगाउँ सडक स्तरोन्नती उपभोक्ता समिति | १५गोटा(१.५×१×१) | ३०९५.१८ | २५४२ | ८२९० |
| ४०२-२०८०।३।१९ | दुवीचौर जात्रेसाल सडक निर्माण उपभोक्ता समिति | २२ गोटा(२×१×१) | ३६७४ | ३३९० | ६२४८ |
| | | | | कुल जम्मा | ५३०१५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,०१५ |

४० **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) को (क) र (क१) मा दश लाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान तथा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विभिन्न किसिकमा बस्तु तथा सेवा खरिद प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार रु.५०,२१,६६९।० को सोझै खरिद गरिएको देखिएकोले प्याकेज वनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ ।

| भौचर नं. | आपूर्तिकर्ता | विवरण | रकम |
|---|---|---|---|
| ७५-२०७९।१०।१४ | टि.डि. डेकोर हाउस | फर्निचर खरिद | ६२८११० |
| ७४-१०७९।१०।१४ | अल्फा ब्रोदर्स | ल्यापटप खरिद | ३५२६०० |
| ७३-२०७९।१०।१४ | सुप्रिम ट्रेडर्स सप्लायर्स | फर्निचर खरिद | ३११७६७ |
| १०५-२०७९।११।४ | एक्सिस कम्प्यूटर एण्ड सप्लायर्स | ल्यापटप, डेस्कटप तथा प्रिन्टर खरिद | ८३३६०१ |
| १०४-२०७९।११।४ | प्रसिद्ध कर्णाली सप्लायर्स | फर्निचर खरिद | ९९८९२० |
| २४२-२०८०।१।८ | एक्सिस कम्प्यूटर एण्ड सप्लायर्स | ल्यापटप खरिद | ५४११५७ |
| २४०-२०८०।१।१७ | श्रेष्ठ कम्युटर सप्लायर्स | ल्यापटप खरिद | ४९७०८७ |
| ३७२-२०८०।३।१५ | श्रेष्ठ कम्प्युटर सप्लायर्स | ल्यापटप खरिद | ८८७०५ |
| ३६६-२०८०।३।१५ | डिम्स इन्टरनेशनल | फर्निचर खरिद | ३५१४३० |
| ३८२-२०८०।३।१६ | नेशनल ट्रेड एण्ड सप्लायर्स | फर्निचर खरिद | १४९१६० |
| ३७९-२०८०।३।१६ | नेशनल ट्रेड एण्ड सप्लायर्स | फर्निचर एण्ड फिक्स्चर | ४१८२९२ |
| | | जम्मा | ५०२१६६९ |

४१ **स्थानीय तहका पदाधिकारीको सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाउँ तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट रु. ८० लाख ४६ हजार पदाधिकारी सुविधा वापत भुक्तानी भएको छ ।

४२ **अनुगमन भत्ता** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । पालिकाले पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता दिने कानुनी आधार बेगर भुक्तानी गरेको रु. ६,८००।- असूल गर्नुपर्ने देखिएको रु.

| पद | नाम।थर | रकम |
|---|---|---|
| कृषि अधिकृत | भरत अधिकारी | ६८०० |

***(प्रारम्भिक प्रतिवेदनउपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.३१,५००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८०० |

४३ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले कानूनमा व्यवस्था भएकोबाहेक १० पदहरुमा २४ जना कर्मचारी करारमा नियुक्त गरी रु.८६,३५,६५३।- तलव भत्ता भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८६,३५,६५३ |

४४ **महंगी भत्ता** - करार सम्झौता गर्दा तलव, चाडपर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा ६ महिना समय राखि करार सम्झौता गर्नुपर्दछ । साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रमा महंगी भत्ता सम्बन्धमा कुनै पनि कानुनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध नसकिने व्यहोरा पेश गरेको छ । देहाय बमोजिम करार सम्झौता अन्तर्गत कार्यरत कर्मचारीलाई महंगी भत्ता दिने सम्बन्धमा कुनै कानुनी व्यवस्था नभएकाले असुल गर्नुपर्ने रु.

| पद | नाम/थर | मंहगि भत्ता |
|---|---|---|
| सहायक कम्प्युटर अपरेटर | विपना सिंजाली | १२००० |
| सहायक चौथो | गौरि राना मगर | १२००० |
| सहायक चौथो | यशोदा थापा | १२००० |
| सहायक चौथो | ललिता कुमारी सोमै | १२००० |

| | | |
|---|---|---|
| अ हे व | प्रभा परियार | १२००० |
| अ हे व | याम न्यौपाने | १२००० |
| **जम्मा** | | **७२,०००** |

***(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.५,८८,०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७२,००० |

४५ **नगर शिक्षा समिति** - अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका अनुसार कानून बमोजिम तोकिएका समितिमा मात्र बैठक भत्ता भुक्तानी गर्नु पर्ने अन्य समितिले भत्ता पाउने व्यवस्था छैन । पालिकाले संघीय सशर्त कार्यक्रमको कन्टिन्जेन्सीबाट नगर शिक्षा समितिको बैठक भत्तामा खर्च गरेको छ । नगर शिक्षा समितिको १५ वैठकमा निम्न अनुसार ७ जनालाई रु.१,०५,०००।- खर्च लेखेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| पद | नाम | बैठक संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| सदस्य | श्री चन्द्र बहादुर राना | १५ | १५००० |
| सदस्य | श्री छविलाल गोलाङ्ग | १५ | १५००० |
| सदस्य | श्री लोक बहादुर नेपाली | १५ | १५००० |
| सदस्य | श्री तिर्थ प्रसाद पौडेल | १५ | १५००० |
| सदस्य | श्री हरिमाया कोइराला | १५ | १५००० |
| जम्मा | | | ७५००० |

***(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.३०,०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,००० |

४६ **पारिश्रमिक कर** -

***..........(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.६०८६७।- सम्परीक्षण गरिएको ।)***

४७ **वोलपत्र मुल्याङ्कन समिति बैठक भत्ता** - ६७।२०८०।०३।१० अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको

बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ ।पालिकाको विभिन्न मितीमा खोलिएका ठेक्काको बोलपत्र मुल्यांकन गर्दा नियममा भएको व्यबस्था विपरित बुझेको भत्ताको रकम असुल गरी दाखिला हुनुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १ | मेनका भण्डारी | ३,८२५ |

***(प्रारम्भिक प्रतिवेदनउपर असुल भई पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१,६८,३००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८२५ |

४८ **मेशिन सञ्चालन** - पालिकाले यो वर्ष क.प्र. ००२ क ०१२६ को व्याकहोलोडर मर्मत संम्भारमा रु.७,३९,२९१।३६ र ईन्धन ११५०० लिटर खर्च गरेको छ । पालिकाले सो मेशिन सञ्चालनबाट कुनै पनि आम्दानी गरेको छैन । मेशिन सञ्चालन कार्यविधि निर्माण गरी लाभ-लागत विश्लेषणको आधारमा दिगो सञ्चालन हुने गरी सञ्चालन गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

४९ **वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

| गो.भौ.नं.मिती | भुक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| ४७७-०७९।०९।२९ | स्टे होटेल भ्याली भ्यु | नेपाल पत्रकार महासंघको कार्यक्रमको विल भुक्तानी | १००००० |
| ७६६-०८०।०१।१८ | ज्येष्ठ नागरिक महासंघ | | ५०००० |
| | | **जम्मा** | **१५००००** |

५० **करार सेवा पदपुर्ति समिति** - (४५६-२०७९-९-२३)कुनै पनि कार्यक्रम सञ्चालन गर्दा स्रोत साधनको मितव्ययी तथा उच्चतम प्रतिफल हासिल हुने गरी सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडिकल अधिकृत, पशु चिकित्सक, कृषि स्नातक, सर्वेक्षक, स्टाफ नर्स तथा कार्यालय सहयोगि पदको पदपुर्तिको लागि सुचना प्रकाशित गरी पदपुर्ति गरेको देखिन्छ । सो पदपुर्ति समितिले आफ्नो कार्यसम्पादनको क्रममा वैठक तथा निर्णय गर्दा परीक्षा सञ्चालन भएको समय सकिएपछि परीक्षा सञ्चालनको समय निर्धारण गरेको जनाएको छ । यसरी वैठक सञ्चालन भएको जनाई भुक्तानी दिएको भत्ता औचित्य पुष्टि हुने आधार नदेखिएकोले जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३७५ |

५१ **विज्ञापन** - विज्ञापन(नियमन गर्ने) नियमावली,२०७७ को ११(क)(२) मा १ बमोजिम विज्ञापन एजेन्सी मार्फत मार्फत कारोबार गराउँदा बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खुला र पारदर्शी प्रक्रियाको आधारमा विज्ञापन एजेन्सीको छनौट गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो व्यवस्थामा उल्लेख भएबमोजिम प्रतिशप्रर्धाको माध्यमबाट सूचना प्रकाशन नगरी रु.१२,८६,६७३२।- खर्च गरेको छ । छिमेकी पालिका गुर्भाकोटमा विज्ञापनको प्रतिस्पर्धा आव्हान गर्दा ९३ प्रतिशत घटि र बीरेन्द्रनगर नगरपालिकाले ८५ प्रतिशत घटिमा सूचना प्रकाशन गरेको देखिन्छ । तसर्थ पालिकाले प्रतिस्पर्धाको माध्यमबाट सुचना प्रकाशन तथा प्रसारण गर्नुपर्दछ ।

५२ **पर्यटकीय क्षेत्रको प्रचार प्रसार** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरीकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मिति २०७९।१२।३० गतेको नागरिक राष्ट्रिय दैनिकमा पर्यटकीय क्षेत्रको प्रचार प्रसारको सूचना प्रकाशन वापत रु.२,७०,४९३।- भुक्तानी गरेको छ । पत्रिकामा एक दिन सूचना प्रकाशनबाट पर्यटकीय क्षेत्रको प्रचार प्रसार अर्थपूर्ण रहने/नरहने सम्बन्धमा पालिकाले कुनै विश्लेषण गरेको देखिएन । पालिकाले आर्थिक दायित्व सिर्जना हुने यस्ता अनुत्पादक गतिविधिमा नियन्त्रण गर्नुपर्दछ ।

५३ **सिलाई मेशिन** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर विभिन्न किसिमका अनुदानमा प्रतिशत निर्धारण गर्नुपर्दछ । पालिकाले सीपमुलक तालिम अर्न्तगत १० वटा सिलाई मेशिन रु.१,९७,७५०।- खरिद गरी महिला समुहलाई हस्तान्त्रण गरेको छ । महिला समुहको लागत सहभागिता वेगर सिलाई मेशिन हस्तान्त्रण गर्दा मेशिनको अपनत्व, स्वमित्व तथा जिम्मेवारी कमजोर रहने हुदा सम्बन्धितको लागत सहभागितालाई सुनिश्चित गर्नतर्फ ध्यान पुऱ्याउनुपर्दछ ।

५४ **विद्युतिय हाजिर** - पालिकाले १२ वटा विद्युतिय हाजिरी मेशिन खरिद गरी जडान खर्च समेत रु.९,९४,४००।- खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्न बमोझिम रहेका छनः-

५४.१ प्रयोग - हाजिर प्रणालीलाई व्यवस्थित गर्नको लागि विद्युतिय हाजिरी मेशिन जडान गरेतापनि आशिक मात्रमा प्रयोगमा आएको देखिन्छ । जसको पुर्ण प्रयोगमा कार्यालयले ध्यान पुऱ्याउनुपर्दछ ।

५४.२ **विद्युतीय हाजिर व्यवस्थापन प्रणाली** - सरकारी निकायमा कार्यरत कर्मचारीहरुको हाजिरी, विदा तथा सो सँग सम्बन्धित प्रतिवेदनहरु केन्द्रिकृत रुपमा व्यवस्थापन गर्न सूचना प्रविधि विभागद्वारा विकास गरिएको केन्द्रिकृत विद्युतीय हाजिरी प्रणाली मिति २०७१।१२।०२ गते बसेको सचिबस्तरीय बैठकबाट निर्देशन भए अनुरुप प्रयोगमा ल्याइएको छ । यस प्रणालीमा संघ र प्रदेशका मन्त्रालयहरु, स्थानीय तह लगायत विभिन्न सरकारी निकायहरु यस प्रणालीमा आबद्ध भई सेवा लिईरहेका छन्। पालिकाले विद्युतीय हाजिर व्यवस्थापनको लागि रु.४,७९,१२०।- खर्च गरेर Web-based E-attendance Management system जडान गरेको छ । सो व्यवस्थापन प्रणालीमा हाजिरी, विदा तथा सो सँग सम्बन्धित सम्पुर्ण विवरणहरु समाविष्ट गर्न सकिने अवस्था छैन । पालिकाले नेपाल सरकारबाट निशुल्क प्रदान गरेको सुविधा लिनुको साथै अव्यवस्थित प्रणाली प्रयोगलाई नियन्त्रण गर्नुपर्दछ ।

५४. **तालिम**

३

*..........(प्रारम्भिक प्रतिवेदनउपर असुल भई पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१,१९०।- सम्परीक्षण गरिएको ।)*

५५ **विधायन समिति**

*..........(प्रारम्भिक प्रतिवेदनउपर असुल भई पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१०,२००।- सम्परीक्षण गरिएको ।)*

५६ **वडा तथा शाखागत खर्च** - पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ। पालिकाले वडा तथा विभिन्न शाखामा शाखागत बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ। भ्रमणको औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ। विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी तथा पदाधिकारीले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरी भुक्तानी लिएको देखिन्छ। शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखागत खरिद गरी शाखामा दाखिला गरेको छ। यसरी शाखागत बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ। तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

५७ **जिङ्गल नभएको** - रेडियोमा सूचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रमको प्रसारण वापत रकम भुक्तानी गर्दा जिङ्गलको आधारमा भुक्तानी गर्नुपर्दछ। जसको दर निर्धारण गर्दा प्रसारण समय, अविध र पटकको आधारमा रकम निर्धारिण गर्नुपर्नेमा एकमुष्ट भुक्तानी गरेको देखिन्छ। पालिकाले रेडियोसँग संझौता गर्दा लाभ-लागत तथा सान्दर्भिकता विश्लेषण नगरी वृत्तचित्र निर्माण गर्ने गरी संझौता गरेको छ जुन रेडियोको प्रकृति अनुसार असान्दर्भिक देखिन्छ । पालिकाले जागरण एफ.एमलाई रु.९९,०००।- भुक्तानी गरेकोमा कार्यक्रमको विषय र जिङ्गलको विवरण वेगर भुक्तानी गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५८ **मुद्दाको किनारा** - सवारी साधन पार्किङ्ग सम्बन्धमा लेकवेशि नगरपालिकालाई विपक्षि बनाई दायर गरिएको मुद्दामा पालिकाले सुर्खेत सुप्रिम ल फर्मका हिमालयजङ्ग शाहीसँग संझौता गरी रु.६० हजार भुक्तानी गरेको छ। हिमालयजङ्ग शाहिसँग कुन मितिदेखि खटाइएको तथा मुद्दा किनारा लागे/नलागेको हो सो एकिन हुन सकेन । मुद्दा किनारा नलाग्दै पुरा रकम भुक्तानी गर्दा भुक्तानी जोखिममा हुने सम्भावना देखिन्छ ।

५९ **तथ्याङ्क प्रविष्टि** - स्थानीय तह मार्फत सञ्चालन हुने कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७७ को बुदाँ ६ बमोजिम प्राप्त कृषि, पशुपन्छी र मत्स्य तथ्याङ्कका प्रारम्भिक अंङ्कहरु बुँदा ४.३ मा उल्लेख गरिएको समय सीमा भित्र संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विकास गरको web-based AMIS Software मा प्रविष्ट गर्नुपर्ने उल्लेख छ । पालिकाले पशु, पन्छी, कृषि तथा मत्स्य तथ्याङ्क संकलन गरेकोमा निर्देशिकामा उल्लेख भएबमोजिम प्रविष्ट गरेको छैन ।

६० **रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मूल्य अभिबृद्धि कर रु.२१,००,६७८।० भुक्तानी गरेको छ

। तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयीले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक मिति | विजक नं. | विजक रकम | समायोजन गर्नुपर्ने मु.अ.कर रकम रू. | ननफाईलर रहेको मिति |
|---|---|---|---|---|---|---|---|
| १११।२०७९।११।१४ | हमाल विल्डर्स | ६०५०२४६१२ | १०।२५।२०७९ | २ | १५०००० | १७२५६ | २०७८।M।११ |
| ११४, २०७९।११।१४ | हमाल विल्डर्स | ६०५०२४६१२ | १०।१४।२०७९ | ३ | १९०००० | २१८५८ | २०७८।M।११ |
| ११०, २०७९।११।०४ | विजय कन्स्ट्रक्सन | ६०३०७१३९७ | ०९।१५।२०७९ | १२ | २३१९८९ | २६६८९ | २०७८।M।१२ |
| १२९, २०७९।११।२३ | हमाल विल्डर्स | ६०५०२४६१२ | ११।२२।२०७९ | ४ | २०००१० | २३०१० | २०७८।M।११ |
| १५९, २०७९।१२।०५ | सहारा निर्माण सेवा | ६०४१६९०४० | १०।११।२०७९ | ७ | १५८५५०२।२७ | १८२४०२ | २०७९।M।०३ |
| १९६, २०७९।१२।२६ | विजय कन्स्ट्रक्सन | ६०३०७१३९७ | ११।२०।२०७९ | १४, १५ | ३७६२९० | ४३२९० | २०७८।M।१२ |
| २१८, २०८०।०१।०६ | विजय कन्स्ट्रक्सन | ६०३०७१३९७ | १०।२४।२०७९ | १० | ९१५३० | १०५३० | २०७८।M।१२ |
| २३४, २०८०।०१।१७ | विजय कन्स्ट्रक्सन | ६०३०७१३९७ | ११।२१।२०७९ | २२, २३ | १५२५५०० | १७५५०० | २०७८।M।१२ |
| २७६, २०७९।०९।२५ | विजय कन्स्ट्रक्सन | ६०३०७१३९७ | ११।२१।२०७९ | २५ | १२६५६० | १४५६० | २०७८।M।१२ |
| ३१३, २०८०।०२।१६ | मालिका निर्माण सेवा | ३०१७३७८६५ | ०२।०२।२०८० | ४४ | १०७१३७५ | १२३२५५ | २०७९।M।०८ |
| २५९, २०८०।०१।१९ | सहारा निर्माण सेवा | ६०४१६९०४० | १२।१२।२०७९ | १३ | ३४५०३२ | ३९६९४ | २०७९।M।०३ |
| ३८१, २०८०।०३।१५ | रारा ग्रुप प्रा.लि. | ६१०२२२५५९ | ०३।१०।२०८० | ४४ | ९९७७९० | ११४७९० | २०७९।M।१० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६१, २०८०।०३।१५ | टिडि डेकोर हव | १२२३८७४३० | ०३।०५।२०८० | १७९ | ३२३४५० | ३७२११ | २०७९।M।०९ |
| ५७-२०७९।९।२८ | एशोसिएट जय भवानी रञ्जितकार जेभि | ६१५७९७८४१ | २०७९।९।२६ | १ | ७१९५३९२ | ८६२३०२ | २०७९।M।६ |
| ३३१-२०८०।२।२२ | एशोसिएट जय भवानी रञ्जितकार जेभि | ६१५७९७८४१ | २०८०।२।२२ | ५ | ३६७५८४५ | ४२२८८५ | २०७९।M।६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,००,६७८ |

६१ **मोवाईल खरिद** - पालिकाले ग्यालेक्सी मोवाइल हव्सबाट ३ थान मोबाइल सेट खरिद गरी रु. १,६१,४४५।- भुक्तानी दिएको छ । पुंजी निर्माण हुने क्षेत्रमा खर्च गर्नुपर्नेमा व्यक्तिगत प्रयोजनमा प्रयोग हुने मोबाईल खरिद गरेको नियमसम्मत देखिएन । यस्तो खर्च नियन्त्रण हुन पर्दछ ।

६२ **अनुगमन भत्ता** –

***..........(प्रारम्भिक प्रतिवेदनउपर पेश्की फस्योंट भई पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१०२००।-)***

६३ **फरक नाम** - भ्याट तथा प्यानमा कारोवार गर्ने फर्म/संस्था/आपूर्तिकर्ताले आन्तरिक राजस्व कार्यालयमा उल्लेखित स्थायी लेखा नम्बर तथा नाममा मात्र कारोवार गर्नुपर्दछ । पालिकाले यस वर्ष केवल नेट टि.भि. प्रा.ली.(६०५९२९८९४) सँग इन्टनेट कारोवार गरेकोमा स्थायी लेखा नम्बर परीक्षण गर्दा एस.पावर नेट प्रा.ली. देखाएकोले निम्न बमोजिम रु.१,०६,८६६।- को भ्याट समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. मिती | विवरण | बिल नं. मिती | बिल रकम | मूल्य अभिवृद्ध कर |
|---|---|---|---|---|
| १३-०७९।०५।२९ | इन्टरनेट सञ्चालन | १८८-०७९।०५।२८ | १५८८७ | १८२७.५४ |
| | | १८९-०७९।०५।२८ | १२९९७ | १४९५ |
| | | १९०-०७९।०५।२८ | १२९९७ | १४९५ |
| | | १९१-०७९।०५।२८ | १२९९७ | १४९५ |
| | | १९२-०७९।०५।२८ | १२९९७ | १४९५ |
| | | १९३-०७९।०५।२८ | १२९९७ | १४९५ |
| | | १९४-०७९।०५।२८ | १२९९७ | १४९५ |

| | | | | |
|---|---|---|---|---|
| | | १९५-०७९।०५।२८ | १२९९७ | १४९५ |
| | **जम्मा** | | **१०६८६६** | **१२२९३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,२९३ |

६४ **श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम**

***..........(प्रारम्भिक प्रतिवेदनउपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.३३१५।- सम्परीक्षण गरिएको ।)***

६५ **बिल भरपाई पेश गर्नुपर्ने** -

***..........(प्रारम्भिक प्रतिवेदनउपर पेश्की प्रमाण पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.१४१०००।- सम्परीक्षण गरिएको ।)***

६६ **तालिम कार्यक्रम सञ्चालन** - तालिम, गोष्टी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ ।कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नपर्ने देखिन्छ ।

६७ **लघु उद्यम विकास कार्यक्रम तर्फ तालिमबाट उत्पादन सामान** - गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने र दफा ४१ बमोजिम प्रविधि हस्तान्तरण गर्दा अपाङ्गता भएका उद्यमी बाहेक अन्य उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा उपलब्ध गराउने प्रविधिको कुल लागतको बीस प्रतिशत रकम उद्यमीले व्यहोर्नुपर्ने व्यवस्था छ। पालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रममा प्रशासनिक समेत गरी रु.२९ लाख खर्च गरेको छ। जस

अन्तर्गत वस्तु तथा सामान उत्पादन हुने सिलाई कटाई तालिम सञ्चालनमा रु.३,००,७५७।- खर्च गरेकोमा उत्पादन भएको सामानको रेकर्ड राखेको देखिएन । पालिकाले निर्देशिका बमोजिम यस्ता सामान विक्री गरी राजश्व संकलन गर्नुपर्ने अन्यथा स्टोर दाखिला गरी सामानको अवस्थाको यथार्थ विवरण तयार गरी लगत राख्नुपर्दछ।

६८ **अनुदान वितरण** - सार्वजनिक निकायबाट उपलब्ध गरिएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले १०८ जना दुधउत्पान गर्ने कृषकहरुलाई अनुदानमा रु.४,९७,७४२।- खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

६९ **पकेट क्षेत्रको अनुगमन** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल,२०७७ बमोजिम स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष तरकारीवाली पकेट विकास निरन्तरताको लागि रु.५,०५,६२८।-,नयाँ तरकारीबाली विकास संचालनको लागि रु.१०,७२,८०२।- र नयाँ बाख्रा पकेट संचालनको लागि रु.१३,५९,१७५।- गरी यस वर्ष जम्मा रु.२९,३७,६०५।- अनुदान बितरण गरेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन ।साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी आत्मनिर्भरता हासिल गर्ने तथा अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

७० **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा पालिकाको बजेटबाट रु.३,२८,९४६।- र संघीय सशर्तबाट रु.,४,४७,९३४।- गरी कुल रु. ७,७६,८८०।- को औषधी खरिद गरेको छ ।यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छन् ।

खरिद व्यवस्था : औषधी खरिद गर्दा प्राप्त उक्त औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए । नभएको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, औषधी बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ ।पालिकाले उक्त कार्य नगरेको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधीको खर्च घटाउदा माग फारामको आधारमा एकमुष्ट

घटाउने गरेको लगायत अवस्था देखिएको छ । तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७१ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतीका आधारमा अनुमान गरी न्यानो झोला खरिद वितरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु.७९०।- दरमा ५०० थानको रु.३,९५,०००।- को न्यानो झोला खरिद गरेकोमा यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा २६१ जना प्रसुती भएको अभिलेखबाट देखिएकोले खरिद आवश्यकता पहिचान यथार्थ देखिएन। माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।

७२ **पोषण कार्यक्रम** - स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन (शसर्त अनुदान मार्फत् हस्तान्तरित कार्यक्रम ) बमोजिम पोषण कार्यक्रमहरुको समिक्षा गर्ने, वार्षिक प्रतिवेदनमा छलफल गर्ने, पोषण कार्यक्रमको विश्लेषण, मूल्याङकन गरी पिछडिएको वर्ग, असहाय, विपन्न, अति विपन्न समूहको लागि पोषण कार्यक्रम के कति समेटिएको छ वा छैन विश्लेषण गरि समेटिएका छैनन् वा न्यून छ भने उपयुक्त कार्ययोजना बनाउनुपर्ने उल्लेख छ।पालिकाले यसवर्ष पोषण संवेदनशील विभिन्न कार्यक्रममा रु.५ लाख ८८ हजार खर्च गरेकोमा पोषण सम्बन्धी कार्ययोजना बेगर खर्च गरेको छ।अतः पालिकाले पोषण सम्बन्धी कार्य गर्दा स्थानीय तह कार्यक्रम मार्गदर्शन बमोजिम कार्ययोजना बनाई अधिकतम प्रतिफल प्राप्त हुने गरी संचालन गर्नु पर्दछ।

७३ **दिवा खाजा** - कार्यक्रम कार्यन्वय पुस्तिका (२०७९।८०) को २.८.७ मा सुर्खेत जिल्लाका स्थानीय तहले दिवा खाजा बापत प्रतिविद्यार्थी दैनिक रु.१५।- का दरले विद्यालयलाई निकासा गर्ने व्यवस्था छ। साथै दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पुरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङख्यात्मक विवरण प्रमाणीत गराई स्थानीय तहमा सङकलन गरी सङख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। पालिकाले दिवा खाजा व्यवस्थापन वापत रु.१,१०,८७,४७५।०० निकासा भएकोमा वास्तविक संख्या यकिन गरेको छैन। निम्न विद्यालयको हाजिरी रजिष्टर नमुना परीक्षण गर्दा IEMIS उल्लेखित विद्यार्थिको संख्या भन्दा कम पाइएकोले रकम बढी निकासा दिएको छ । नमुना परीक्षणगरी हेर्दा नेपाल राष्ट्रिय माध्यमिक विद्यालयले कक्षागत पढाईका लागि छुट्टै हाजिरी र खाजा प्रयोजनार्थ छुट्टै हाजीरीमा उपस्थित जनाई उपस्थित विद्यार्थी यकिन नगरी पौष महिनामा मात्रै दिवा खाजा वापत रु ३००।-रकम बढी भुक्तानी गरेकोले बाँकी विद्यालयको समेत तहाँ पालिकाले छानविन गरी असुल गर्नुपर्दछ । त्यस्तै नमुना परीक्षणको रुपमा लक्ष्मी माध्यमिक विद्यालय, लवनाको पौष महिनाको विद्यालयको शिशु कक्षा देखि ६ कक्षासम्म हाजिरी हेर्दा ४३४९ खाजा सेट रु.१५/- का दरले जम्मा रु.६५,२३५।- निकासा भएकोमा विद्यालयले दिवा खाजा प्रयोजनको लागि मात्र छुट्टै हाजिरी गर्ने गरेको पाइएकोले विद्यार्थीको उपस्थितिको सक्कल हाजिरी अनुसार दिवा खाजाको लागि निकासा गर्नुपर्दछ ।

७४ **विद्यालयगत निकासा खाता** -विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई

निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

७५ **भरपाई प्रमाण पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले निम्न कार्यहरुको लागि भुक्तानी दिँदा विल, भरपाई तथा अन्य आवश्यक प्रतिवेदन कागजातहरु संलग्न नगरेको पाइयो।

७५.१ जिन्सी दाखिला-

*...........(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.४४२०००।- सम्परीक्षण गरिएको ।)*

७५.२ विद्यालय सुधार योजना

*...........(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.७७००००।- सम्परीक्षण गरिएको ।)*

७५.३ विद्यालयमा इन्टरनेट जडान कार्यको-

*...........(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.५६४०००।- सम्परीक्षण गरिएको ।)*

७६ **स्यानिटरी प्याड** -स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २३४७ जना रहेका छन। यस वर्ष संघीय शशर्तबाट स्यानिटरी प्याड खरिद व्यवस्थापनको लागि रु.२३ लाख ३९ हजार बजेट विनियोजन भएता पनि अघिल्लो वर्षको मौज्दातले पुग्ने जनाई यस वर्ष स्यानिटरी प्याड खरिद गरेको छैन। पालिका र पालिकाले वितरण गरेको विद्यालयमा स्यानिटरी प्याडको के कति मात्रामा मौज्दात रहेको छ एकिन हुन सकेन । कार्यविधि बमोजिम यसको गुणस्तर पर्याप्त भए नभएको , सुरक्षित तवरवाट भण्डारण भए नभएको , छात्राहरुको आवश्यकता अनुसार वितरण भए /नभएको ,महिनावारी स्वास्थ्य र किशोरी स्वास्थ्यका विषयमा छात्राहरुलाई जानकारी दिए/नदिएको, कुनै प्रष्ट आधार देखिदैन । साथै कुन विद्यालयमा के कति मात्रामा प्याड वितरण भएको हो त्यसको भरपाई, वितरण भएका प्याड प्रयोगको अवस्था के कस्तो

रहेको छ फोटा सहितको अनुगमन समितिको प्रतिवेदन समावेश भएको छैन । सेनिटरी प्याड कार्यविधि वितरण तथा व्यवस्थापनमा भए बमोजिम कार्य गर्नु पर्दछ ।

७७ **विद्यालयमा प्रोत्साहन अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७९।०८०) २.८.९ क्रियाकलाप नं २.७.१३.१३ बमोजिम सार्वजनिक विद्यालयलाई विभिन्न किसिमको अनुदान दिने व्यवस्था रहेको छ।विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकबाट तपसिलका विद्यालयलाई रु.१३ लाख अनुदान उपलब्ध गराएकोमा विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनको अनुगमन गरी प्रभाव मूल्याकन गरेको देखिएन । अनुदान रकमको प्रभावकारी सदुपयोग भए।नभएको अनुगमन गरी यकीन गर्नुपर्दछ।

| क.सं. | अनुदानको प्रकार | विद्यालय | अनुदान रकम रु |
|---|---|---|---|
| १ | विज्ञान प्रयोगशाला | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, कुइनेपानी लेकवेशी-८ | ६५००००।०० |
| २ | विद्यालय शैक्षिक सुधार कार्यक्रम | श्री आदर्श माध्यमिक विद्यालय, लकफर्सा | ६५००००।०० |
| | | जम्मा | १३०००००।०० |

७८ **विद्यालय लेखापरीक्षण** –

***...........(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.५३५०००।- सम्परीक्षण गरिएको ।)***

७९ **IEMIS को तथ्याङ्क** - कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७९।८०) मा IEMIS मा प्रविष्ट, तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई दिवाखाजा छात्रवृति एवम पाठ्यपुस्तक, लगायतका शिर्षकमा निकासा हुनुपर्दछ। पालिकाले अनुगमनगरी वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS मा तथ्याकं अधावधिक गरी सोही आधारमा निकासा गर्ने कार्य गर्नु पर्दछ। अत पालिकाले निकासा गरेको छात्रवृति, दिवा खाजा, पाठ्यपुस्तक, विद्यालय संचालन तथा व्यवस्थापन र अन्य व्यवस्थापन लगायतको विद्यार्थी संख्याको आधारमा निकासा हुने सवै अनुदानहरुको सम्वन्धमा विद्यालयले अनुगमन गरी एकिन गरिनु पर्दछ।

८० **आन्तरिक लेखापरीक्षण को व्यहोराहरु निम्न छन**

८०.१ पत्रपत्रिका छपाई तथा सुचना प्रकाशनः सरकारी स्वमित्वमा रहेको गोरखापत्र संस्थानको मिति २०७६।४।३० को निर्णयअनुसार विभिन्न मितिमा सरकारी निकायबाट प्राप्त हुने विज्ञापनमा २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ । त्यस्तै सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को ६ (२) मा सरकारी खर्चमा शुभकामना कार्ड तथा शुभकामना सन्देश प्रकाशन वा प्रशारण गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले शुभकामना प्रकाशन वापत कात्रेविहार अफसेट प्रेसलाई भुक्तानी गरेकोले बढी व्ययभार परेको रकम रू.

| भौ नं मिति | भुक्तानी भएको रकम | बढी व्ययभार पारेको रकम | अनियमित रू. |
|---|---|---|---|
| २०८०।०३।२४-३६४ | ८९२० | ८९२० | ८९२० |

| | |
|---|---|
| अनियमित भएको | ८,९२० |

८०.२ **विल वेगर प्रोभिजनल समको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिलभरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ । पालिका र निर्माण व्यवसायी बीच भएको सम्झौतामा प्रोभिज्नल सम वापत व्यवस्था गरिएको रकम खर्च गर्दा पालिकाको पूर्व स्वीकृति लिई त्यस्तो कार्यमा भएको यथार्थ खर्चको बील बिजक पेश गरी सोधभर्ना लिनुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका निर्माण कार्यका लागि निर्माण व्यवसायीलाई उपरोक्त सम्झौताको शर्त विपरित प्रोभिजनल समको बिल भरपाइ वेगर रकम भुक्तानी भएको पाइयो । अतः त्यस्तो कार्यमा भएको खर्चको यथार्थ बिल विजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

| गो.भौ.नं. र मिति | निर्माणको विवरण | निर्माण सेवा | आइटम | रकम | जम्मा बेरूजु रू. | असुल गर्नुपर्ने रू. |
|---|---|---|---|---|---|---|
| ९९। २०८०।०३।२३ | वडा नं. ४ कृषि क्याम्पस भौतिक संरचना | निवृत्ति निर्माण सेवा | बिमा | २५०१४ (रू.४९८६ को मात्र बिलभरपाइ भएको) | २५०१४ | २५०१४ |
| ९८। २०८०।०३।२३ | वडा नं. १ स्वास्थ्य चौकी निर्माण | उमा कन्स्ट्रक्सन सेवा | बिमा | २२००० | २२००० | २२००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,०१४ |

८०.३ मालासामान तथा उपकरण खरिदः सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिएको बोलपत्र सम्बन्धि कागजातमा मालसामानको प्राविधिक स्पेशिफिकेशन उल्लेख गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नुपर्ने, त्यस्तै नियमा ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्मबन्धी कागजातमा उल्लेख भए स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा परीक्षण गर्नुपर्ने व्यवास्था छ ।पालिकाले खरिद मालसामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेशन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरीक्षण

समेत भएको देखिएन । जसले गर्दा खरिद गरिएका सामान गुणस्तरिय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न नसकिएकोले खरिद कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।

८०.४ **भुक्तानी बाँकी कच्चावारी प्रमाणित सम्बन्धमा** -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९ (१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष लेखा नियन्त्रक कार्यालय प्रमुखबाट श्रावण ७ गतेभित्र भुक्तानी बाँकीको विवरण प्रमाणित गरी राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले तपशिल फर्मलाई गत वर्षको विलको भुक्तानी दिइएकोले सो भुक्तानी दिन बाँकी विवरण पेश नभएको रू.

| गो.भौ.नं. रमिति | फर्मकोनाम | रकमरू. | कै. | रकम रू. |
|---|---|---|---|---|
| ४१४।२०७९।०९।१२ | विजी मिडियाग्रुप | ९७६८६ | सुचना प्रकाशन वापत | ९७६८६ |
| ५०।२०७९।०९।२९ | आरनटुडा खानेपानी तथा सरसफाईउ.स. | २८६२० | | २८६२० |
| | | | जम्मा | १२६३०६ |

| | |
|---|---|
| अनियमित भएको | १,२६,३०६ |

८०.५ **परिपत्र सम्बन्धमा** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरूजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरूजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरूजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अद्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

८०.६ **अन्य कार्यक्रम खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता कार्यदक्षता प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख गरिएको त्यस्तै (७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भनी व्यवस्था गरिएकोमा पालिकाले उक्त व्यवस्था वेगर नेपाल पत्रकार महासंघलाई खाजा नास्ता खर्चवापत मिति २०७९।०९।२९ मा गो.भा.न.४७७ न.पा. चालुबाट भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९८,५०० |

८०.७ **पदाधिकारीको कर्मचारी भ्रमण खर्च -**

***...........(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.५५८०।- सम्परीक्षण गरिएको ।)***

८०.८ बढी भुक्तानीः

*...........(प्रारम्भिक प्रतिवेदनउपर असुल गरी पेस भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयबाट रु.२०००।- सम्परीक्षण गरिएको ।)*

८१ **छोरी बचत खाता** - प्रदेश सरकारले महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालवालिकाहरुमाथीको लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कारको रुपमा रहेको वालविवाह रोक्न र बालिकाहरुको कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीकै" कार्यक्रम गत विगत देखिने कार्यान्वयनमा रहेको छ । कार्यक्रम संचालन निर्देशिका अनुसार खाता सिफारिस भएका छोरीहरुको खातामा प्रत्येक महिना रु.५००।— दरले रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा यो वर्ष रकम जम्मा गरेको छैन । कार्यक्रम शुरु भएको ४ वर्ष(२०७६।७७ देखि ०७०।८०) सम्म जम्मा ५१४ छोरी वच्चा जन्मदर्ता गरी बैक खाताका लागि सिफारिस भएकोमा आर्थिक वर्ष २०७७।७८ मा देखि भुक्तानी नगरी पुरै रकम बाँकी देखिएको छ । बच्चाका लागि खाता सिफारिस गरे पनि वजेट व्यवस्था भई नआएकोले रकम बैकमा जम्मा गर्न सकेको देखिएन ।प्रदेश सरकारले महत्वकांक्षी योजनाको रुपमा दीर्घकालीन दायित्व बढ्नेगरी संचालित सो कार्यक्रमको भुक्तानी हुन नसक्दा सार्वजनिक दायित्व पूरा गर्न सकेको देखिएन ।कार्यक्रम संचालन गर्दा उपयुक्त आधार वेगर भएको निर्णयमा पुनर्बिचार गर्नु पर्दछ ।

८२ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दा परिच्छेद-३ (८) मा श्रममुलक आयोजनाको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा श्रावण महिना भित्र प्रविष्टि भएका बेरोजषारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्याला बापत बैंक खातामा निकासा गर्नुपर्ने तथा परिच्छेद-३ (४)(घ) मा स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यक्रमा छनोट भएका २४ वटा कार्यक्रम सञ्चालनमा रु. १,०९,७०,९०८ ।- खर्च भएको छ । अनुसूची-३(५) मा सुचिकृत २८८७ बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यावस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम ९० दिन र न्यूनतम ५० दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । २४ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका १७३ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

८३ **मुख्यमन्त्री रोजगार कार्यक्रम** -कर्णाली प्रदेशका बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ । कार्यक्रमा छनोट भएका १० वटा कार्यक्रममा कार्यक्रम सञ्चालनमा रु. १,०४,२२,४१३।- खर्च भएको मध्ये रु. ५४,५३९८४ ज्यालामा खर्च भएको छ । जुन रकम श्रमिकको खातामा गएको देखिन्छ । पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम ९१ दिन र न्यूनतम ४३ दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति २,८८७ मध्येले १०० एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । १० वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका १४८ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार

सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

८४ **सामाजिक सुरक्षा तर्फ**

८४.१ **निकासा खर्च -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष रु.१२०४८२७९५ बैकिङ प्रणालीमार्फत लाभग्राहीको बैक खातामा वितरण गर्न पठाएकोमा तीन चौमासिकको हिसाव मिलान गरी वितरण नभई बाँकी रहेको रु.८४३७४३।- दाखिला फिर्ता भएको छ ।

८४.२ सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २९(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ । पालिकाले सो सम्वन्धी प्रतिवेदन पठाएको पाईएन ।तसर्थ नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

८४.३ **लगत अद्यावधिक -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन। तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।

**संपरीक्षणबाट थप भएको बेरूजु**

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | लेकवेशी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को बेरुजु सम्बन्धमा उक्त दफाको कुल बेरुजु रु.२,७४,२३३/- मध्ये लेकबेसी नगरपालिकाको रसिद नं ३६९ मिति २०८०।११।३० बाट बेरुजु दाखिला रकम रु. १,७०,५००/-को प्रमाण संलग्न गरिएकोले दाखिल गरी पेस भएको प्रमाण बमोजिम रु. १,७०,५००/- को प्रतिक्रियाबाट हटाइ बाँकी हरि प्रसाद रेग्मीको नाममा रु. ४८,१५०/- तथा नरेन्द्र बहादुर हमालको नाममा रु. ५५,५८३/- गरी कुल रु. १,०३,७३३/- बेरुजु कायम गरिएको रु. | १०३७३३ |

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>२</td><td>पालिकाको ४७ विद्यालय मध्ये ११ माध्यमिक विद्यालय र ३३ आधारभूत विद्यालयको सुधार योजना निर्माण गरिएको प्रमाण पेश भएकोमा जनप्रिय माध्यमिक विद्यालय, व्यावरे, जीवनज्योति प्राथमिक विद्यालय, खोल्टपाटी र सरस्वती माध्यमिक सीमपदमार को विद्यालयको सुधार योजना निर्माण पेश भएको नदेखिँदा यस सम्बन्धि कुल बेरुजु रु. ७,७०,०००/- मध्ये उल्लेखित प्रमाण पेश भएको आधारभूत र माध्यमिक तह गरी ४४ विद्यालयको विद्यालयको सुधार योजना बेरुजु रु. ७,१५,०००/- प्रतिक्रियाबाट हटाई उल्लेखित विद्यालयहरुको (माध्यमिक विद्यालयको प्रति विद्यालय रु.२० हजार र आधारभूत विद्यालयको प्रति विद्यालय रु.१५ हजारका दरले विद्यालय सुधार योजनाबापत् निकासा भएको) बाँकी रु. ५५,०००/- बेरुजु प्रतिक्रियाबाट कायम भएको प्रमाण पेश गर्नुपर्ने ।</td><td>५५०००</td></tr>
<tr><td>३</td><td>यस आर्थिक वर्षमा पालिकाले ४७ वटै विद्यालयमा इन्टरनेट जडानका लागि प्रति विद्यालय रु. १२ हजारका दरले रु.५ लाख ६४ हजार भुक्तानी गरेकोमा बेरुजु प्रतिक्रियाबाट ४४ वटा विद्यालयले इन्टरनेट जडान कार्यको विल भरपाई पेश भएको र बाँकी ३ वटा विद्यालय (सरस्वति माध्यमिक विद्यालय सीमदमार, नेरा प्रावि लामिडाँडा, शिशु प्रा वि ढाव )को रु. १२ हजारका दरले रु.३६००० को बेरुजु प्रतिक्रयाबाट कायम गरिएको रु.</td><td>३६०००</td></tr>
<tr><td>४</td><td>सबै सरकारी निकायले आर्थिक वर्षको समाप्ती पश्चात् लेखापरीक्षण गराउनुपर्दछ । आर्थिक वर्ष २०७९।८० मा विद्यालयको लेखापरीण गराउनको लागि देहायका विद्यालयलहरुलाई लेखापरीक्षण खर्च रु.७५,०००।० भुक्तानी दिएको छ । उक्त विद्यालयलहरुले प्रतिवेदन पेश नभएकोले लेखापरीक्षण प्रतिवेदन पेस हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सहिद स्मृति प्रावि अम्रैयागडी</td><td>१००००</td></tr>
<tr><td>२</td><td>सरस्वति मा वि कल्याण</td><td>१५०००</td></tr>
<tr><td>३</td><td>जनकल्याण आधारभूत विद्यालय</td><td>१००००</td></tr>
<tr><td>४</td><td>जनप्रिय मा वि व्यावरे</td><td>१५०००</td></tr>
<tr><td>५</td><td>जीवनज्योति प्रावि</td><td>१००००</td></tr>
<tr><td>६</td><td>सरस्वति मावि सीमदमार</td><td>१५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७५०००</td></tr>
</table>
(लेखापरीक्षण बापत माध्यिक स्तरमा प्रति विद्यालय रु. १५ हजार र आधारभूतस्तरमा प्रति विद्यालय रु. १००००)</td><td>७५०००</td></tr>
<tr><td>५</td><td>कर दायित्व— पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ५९,७९,०१६।- देखाएकोमा आर्थिक वर्ष २०८०।८१ मा सम्बन्धित शीर्षकमा दायित्व दाखिला गरेको छ । कट्टी रकम समयमा नै दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थानः लेकवेशी नगरपालिका, सुर्खेत ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भक्त बहादुर खड्का | २०८०-१२-२५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | पदमलाल लामिछाने | २०८०-१-२५ | |
| कार्यालय प्रमुख | कृष्ण प्रसाद खरेल | २०७७-४-१ | २०७९-४-१३ |
| लेखा प्रमुख | दिपकध्वोज हमाल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,४४१,५२४ | १३,७४०,६६३ | १३,७४७,६७३ | ० | ० | ५,९८५,३८८ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | ३४,९१५,२४८ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | | | | | १०,९७०,६६३ |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | २६९,७३३ |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | २४,२१४,३१८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १२९९२८५७५.१४ | |
| **आम्दानी** | | **खर्च** | |
| संघीय सरकारबाट अनुदान | ४१८७४८९४० | चालु खर्च | ३७०६०७११३.०४ |
| प्रदेश सरकारबाट अनुदान | ७०९१६५५० | पूँजीगत खर्च | २५२८६०९३१.३ |
| राजश्व बाँडफाँट | ८४३८०७४५.८ | वित्तीय/अन्य व्यवस्था | १३२५७४६६५.८४ |
| आन्तरिक आय | २१००४११७.६६ | | |
| अन्य आय | १२५०१४१६३ | | |
| कुल आय | ७२००६४५१६.४६ | कुल खर्च | ७५६०४२७१०.१८ |
| **बाँकी मौज्दात** | | ९३९५०३८१.४२ | |